श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना

श्री ५ को सरकारको मिति २०३८।१२।८ को निर्णयानुसार लोक सेवा आयोगको "प्रादेशिक कार्यालय"को सट्टा लोकसेवा आयोगको "क्षेत्रीय कार्यालय" र सो कार्यालयका प्रमुखलाई "प्रादेशिक अधिकृत" को सट्टा "क्षेत्रीय अधिकृत" नामाकरण गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०३८।१२।९ को निर्णयानुसार श्री निरंजनप्रसाद उपाध्याय (खतिवडा)लाई नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, लोक सेवा आयोगको मनोविज्ञानवेत्ता पदमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरेको छ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०३८।१२।२३ को निर्णयानुसार श्री महेशप्रसाद लामिछानेले महालेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत, नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणी (लेखा समूह)को पदबाट दिनुभएको राजीनामा स्वीकृत गरेको छ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।